नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
नवलपरासी (वर्दघाट सुस्ता पूर्व)
कावासोती

प्र.जि.अ: ☎ ०७८-५४०२०
स.प्र.जि.अ ☎ ०७८-५४०६१
Email:daonawalpur2074@gmail.com

## भारी वर्षा, बाढी तथा पहिरोको जोखिम सम्बन्धमा सतर्कता अपनाउने बारे जिल्ला प्रशासन कार्यालयको अनुरोध

जल तथा मौसम विज्ञान विभागको पूर्वानुमान अनुसार असोज ९ गते शुक्रबारदेखि असोज ११ गते आइतबारसम्म यस जिल्लासहित देशका विभिन्न स्थानमा मेघगर्जन/चट्याङसहित भारी वर्षा हुने सम्भावना रहेकोले बाढी, पहिरो, डुबान तथा नदी कटानको जोखिम बढ्न सक्ने भएकाले सम्पूर्ण जिल्लावासीमा उच्च सतर्कता अपनाउन अनुरोध गरिन्छ।

अनुरोध :

- नदी, खोला तथा पहिरो जोखिमयुक्त क्षेत्रमा अनावश्यक आवतजावत नगर्नुहोस्।
- जोखिममा रहेका बासिन्दाले आवश्यक परे सुरक्षित स्थानमा सर्न तयारी अवस्थामा रहनुहोस्।
- स्थानीय तह, सुरक्षा निकाय तथा सरोकारवाला निकायहरू उद्धार तथा प्रतिकार्यका लागि तयारी अवस्थामा रहनुहोस्।
- कालिगण्डकी करिडोर लगायतका पहाडी क्षेत्रका पहिरोको जोखिम भएका सडकहरुमा रातिको समयमा अत्यावाश्यक बाहेक यात्रा नगर्नुहोस्। अत्यावश्यक अवस्थामा नदी, खोला तर्दा तथा जोखिमयुक्त सडकमार्ग प्रयोग गर्दा विशेष सावधानी अपनाउनुहोस्।
- आपत्कालिन अवस्थामा नजिकको सुरक्षा निकाय वा स्थानीय तहमा तत्काल सम्पर्क गर्नुहोस्।

<u>आपत्कालीन सम्पर्क नम्बर</u>

नेपाल प्रहरी : १००
सशस्त्र प्रहरी बल : ११४
विपद् सहायता : ११४९,१२३४, (०७८५९०६१७)
मौसम तथा बाढी सूचना : ११५५
जिल्ला आपत्कालिन कार्यसञ्चालन केन्द्रः ९८५७०८२०७९

मितिः २०८३/०६/०६

२०८२-०६-०६
चिरन्जिवी राना
सहायक प्रमुख जिल्ला अधिकारी